मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोलेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६-४१०२५२

प.सं. ०७७।७८
च.नं.

## अनुदानको मल बिक्रेताको लागि निवेदन पेश गर्ने सम्बन्धी म्याद थप गरिएको सूचना

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार मल बिक्रेता नियुक्तिका लागि स्थानीय तहको सिफारिस आवश्यक पर्ने हुदाँ यस मध्यनेपाल नगरपालिका क्षेत्रमा अनुदानमा मल बिक्री गर्न इच्छुक यस नगरपालिकामा अभिलेखीकरण भएका दर्तावाला सहकारी संस्था, फर्म वा कम्पनीहरुलाई निवेदन पेश गर्न दिइएको अवधिमा कोभिड-१९ को कारण नगर कार्यपालिकाको कार्यालयमा अत्यावश्यक सेवा बाहेकको सेवा बन्द भएको हुनाले यस नगरपालिकाको कृषि शाखामा देहाय बमोजिमका कागजात तथा विवरण सहित रितपूर्वक निवेदन पेश गर्न म्याद मिति २०७७।०९।०३ गतेसम्म थप गरिएको व्यहोरा यो सूचनाद्वारा जानकारी गराईन्छ ।

### निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

(१) सहकारी संस्था, फर्म वा कम्पनीको दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

(२) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

(३) विगतका दुई आर्थिक बर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

(४) स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।

(५) सञ्चालक समितिको निर्णय प्रतिलिपि (सहकारीको हकमा) ।

(६) अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण ।

(७) नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण ।

(८) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

नोट : कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिइने छ ।

श्रीप्रसाद भट्टराई
नि.प्रमुख प्रशासकीय अधिकृत

Email : madhyanepalmun@gmail.com
Website : www.madhyanepalmun.gov.np